**थाहा  नगरपालिकाको चौथो नगरपरिषद् समक्ष प्रमुख एवं कार्यकारी अधिकृत श्री भिम बहादुर परियारबाट प्रस्तुत आ.व.२०७३।०७४ को संशोधित र आ.व.२०७४।०७५ को वार्षिक नीति, कार्यकम तथा बजेट**

कार्यक्रमका प्रमुख अतिथि माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री हितराज पाण्डे ज्यू,
विशिष्ट अतिथि ज्यूहरु,
जिल्ला स्थित क्रियाशील राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
आमन्त्रित विभिन्न कार्यालय प्रमुखज्यूहरु,
नगर स्थित राजनैतिक दलका प्रमुख ज्यूहरु,
सरकारी तथा गैर सरकारी निकाय एवं संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
वडा नागरिक मंचका संयोजक ज्यूहरु,
सञ्चारकर्मी मित्र एवं उपस्थित महानुभावहरु,

थाहा नगरपालिकाको चौथो नगर परिषद् तथा आ.व.२०७४।०७५ को नीति तथा कार्यक्रम तथा आय व्ययको अनुमान सार्वजनिक कार्यक्रममा सर्वप्रथम म नेपाल राष्ट्रको आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, जनमुखी राजनीतिका प्रणेता रुपचन्द्र विष्टले आम जनतालाई सु–सुचित गर्दै चलाउनु भएको थाहा आन्दोलनको स्मरण र सम्मान गर्दै यस नगरपालिकाको नाम थाहा नगरपालिका राखिएको छ । यस अवसरमा दिवंगत रुपचन्द्र विष्टको स्मरण गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
आजको यस गरिमामय सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथि, सुन्दर व्यवस्थित र समृद्ध नगर बनाउन सझाव दिनु हुने महानुभावहरु, नगरबासीहरु, नगरपरिषद्को विभिन्न चरणमा सहयोग र सहभागीता जनाउनु हुने सम्पुर्ण महानुभावहरु थाहा नगरपालिकाको तर्फबाट धन्यवाद सहित हार्दिक स्वागत गर्दछु ।

आदरणीय महानुभावहरु, स्थानीय निकायहरुमा लामो समयदेखि जनप्रतिनिधि विहिनताको अवस्था बीच नगरको स्थापना भएको वर्तमान परिवेसमा उपलब्ध सीमित श्रोत साधनहरुको अधिकतम परिचालन गरी बढ्दो शहरीकरण तथा जनताको असिमित माग सम्बोधन गर्न सिंगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यस अवधिमा नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा उत्पन्न हुने कठीन चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न नगरमा क्रियाशील राजनैतिक दलहरुबाट प्राप्त निरन्तर सहयोग र समन्वयकारी भूमिका महत्वपूर्ण हुँदाहुँदै पनि यस नगरको बढ्दो चुनौति एवं संभावनालाई व्यवस्थापन नागरिक तहबाट सबै सरोकारपक्षहरुको सहभागिता रहने गरी कार्य अघि बढाउनु पर्ने आवश्यकता थप उजागर भएको व्यहोरा यस सम्मानित सभामा स्मरण गराउन चाहन्छु । यस गरिमामय सभामा थाहा नगरपालिकाको तर्फबाट चालु आ.व.२०७३।०७४ को संसोधित तथा आगामी आ.व.२०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम तथा आय व्यय अनुमान प्रस्तुत गर्न पाउँदा म कार्यकारी अधिकृत लगायत सिंगो थाहा नगरपालिका परिवारलाई गौरवान्वित महसुश भएको छ । यस अवसरमा सम्पूर्ण नगरवासीमा नगरपालिकाको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आदरणीय महानुभावहरु, नगरपालिकाको योजना तथा कार्यक्रमहरुलाई नगरस्तरीय र वडास्तरीय योजनाको रुपमा समानुपातिक रुपमा बाँडफाँड गरि सोही अनुसार बजेट बिनियोजन गरि आयोजना तथा कार्यक्रमहरु  तर्जुमा गरि बजेट विनियोजन गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु । आगामी दिनमा वडा गत तथा नगरस्तरीय बजेट विनियोजन गर्दा वडाहरुको भौगोलिक विकटता तथा क्षेत्रफल, जनसंख्या र गरिवीको सुचाङ्कलाई उच्च प्राथमिकता दिई सोही अनुसार सकरात्मक विभेदनको निती अनुसार बजेट विनियोजन हुने कुराको विश्वस्त तुल्याउन चाहन्छु ।

सा‍विक दामन, पालुङ र बज्रवारही गाविसको सम्पूर्ण भूगोल यस नगरमा समेटिएको छ । मकवापनपुर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने यो नगर क्षेत्र साच्चिकै मनमोहक र रमणीय छ । राजधानीसंग जोडिएको यस

नगरपालिकाको हावापानी, जैविक विविधता, मनमोहक पर्यटकीय स्थलहरु, उर्वर कृषिभुमि, साँस्कृतिक विविधता जस्ता विभिन्न विशेषतायुक्त यस थाहानगर वास्तममै स्वर्गको टुक्रा जस्तै छ । बाह्रै महिना शितोष्ण हावापानी रहने सिमभञ्ज्याङ, विश्वको सर्वोच्च शिखर सगरमाथा सहित उच्च हिमश्रृखला दृश्यावलोकन गर्न सकिने दामन भ्यू टावर, प्रसिद्ध पर्यटकीय स्थल कोटथुम्की, प्रसिद्ध धार्मिक स्थलहरु पाण्डुकेश्वर मन्दिर, ऋषेश्वर मन्दिर, गोरखनाथ मन्दिर, मनकामना मन्दिर, इन्द्रायणी मन्दिर, बज्रबाराही मन्दिर एवं प्राचीन शैलीका बस्तीहरु, आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउने यस नगरको सम्पत्तिहरु हुन् । साथै प्रशस्त उर्वर कृषि भुमि अर्को वरदान हो ।

आदरणीय महानुभावहरु, अव्यवस्थित शहरीकरणलाई व्यवस्थित सहरको रुपमा रुपान्तरण गर्ने अवधारणा बमोजिम स्थानीय तहमा विद्यमान अवसर तथा चुनौतीहरुलाई एकिकृत शहरी विकासको माध्यमबाट सम्वोधन गरी वातावरणीय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ, उद्यमशीलता र शैक्षिक विकासको दृष्टिकोणबाट सृजनशील र उत्पादन तथा व्यवसायको दृष्टिकोणबाट सम्बृद्ध पर्यटकी हिसावले रमणीय नगर बनाउने लक्ष्य तर्फको यात्राको उपलव्धीको रुपमा नगरपालिका घोषणा भएको छ भने यसले केही चुनौतीका साथै पर्याप्त अवसरहरुको ढोका खोलिदिएको छ । तर्सथ उपलब्ध श्रोतहरको अधिकतम उपयोग गर्दै यस नगरलाई देशकै सुन्दर र समृद्ध नगरको रुपमा विकास गर्ने दायित्व र अवसर हामीलाई प्राप्त भएको छ ।

यस तथ्यलाई मध्येनजर गरी थाहा नगरपालिकाले आगामी आ.व.का लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा **<u>थाहा नगरको आधार, कृषि पर्यटन र पुर्वाधार</u>** भन्ने मूल नाराका साथ स्वच्छ सफा र सुरक्षित शहरका लागि आधारभूत तथा रणनीतिक पूर्वाधारहरुको योजनाबद्ध विकास, कृषि तथा पर्यटकीय क्षेत्रको पुर्वाधार विकास, त्यसको लागि आन्तरिक तथा बाह्यि श्रोत परिचालन, सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत निजी श्रोत परिचालन, औद्योगिक तथा उद्यम विकास, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, यूवा, जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेसी विकास, आर्थिक विकासका लागि सीप तथा आयमूलक गतिविधिहरुको माध्यमबाट रोजगारी सृजना, गरीवी न्युनिकरण, सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गर्ने जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राखिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

आदरणीय महानुभावहरु, अव म थाहा नगरपालिकाको दीर्घकालिन सोच, दीर्घकालिन लक्ष्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**दीर्घकालीन सोच (Vision)**

जल, जंगल, कृषि, खानी, पर्यटन र शिक्षामा उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्न यस नगरको दीर्घकालीन सोच हुनेछ ।

**दीर्घकालीन लक्ष्य (Mision)**

नगरपालिकाले प्रजातान्त्रिक प्रक्रियाको विकास गर्दै पारदर्शी व्यवहार, जनउत्तरदायित्वबोध र जनताको सहभागीतामा आधारित उच्च, गुणस्तरीय र समुन्त नागरिक समाजको स्थापना गर्ने यस नगरको दीर्घकालीन लक्ष्य रहेको छ ।

## <u>आर्थिक वर्ष २०७४।०७५ को बजेट, निति तथा कार्यक्रमहरु</u>

### १. भौतिक पुर्वाधार विकास नीति

- थुप्रै स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्रप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिंदै महत्वपुर्ण मानिएका, चक्रपथको क्षेत्रमा परेका, नगर यातायात गुरुयोजनाको प्राथमिकतामा परेका नगरका गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइएको छ ।

- ग्रामीण सडक सञ्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनौट गर्दा कृषि पकेट क्षेत्र तथा पर्यटकीय क्षेत्रलाई आधार लिइनेछ । मर्मत संभार कोषको उचित व्यवस्थापन गरि साझेदारीमा मर्मत संभार कार्य सञ्चालन गरिनेछ ।
- चालु आर्थिक वर्ष भित्रै नगर यातायात गरुयोजनालाई पूर्णता दिई कार्यान्वयनमा ल्याइनेछ ।
- शहरी आधारभूत पूर्वाधार संरचना निर्माणमा वडास्तरका आधारभूत सुविधा सुधार तथा बिस्तारका लागि विशेष प्राथमिकता दिइनेछ । ठूला आयोजनाहरुको हकमा वडाहरुमा समानुपातिक हिसाबमा प्राथमिकतामा राखिनेछ ।
- थाहानगर भित्रका सबै टोल बस्तीहरुमा आगामि पाँच वर्षभित्र सडक संजाल पुऱ्याइनेछ । भौगोलिक विकटता, वडाको क्षेत्रफल तथा गरिबीलाई समेत आधार मानी केन्द्र तथा नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा विशेष प्राथमिकता दिइनेछ ।
- थाहानगर बसपार्क निर्माणको लागि यसैवर्ष नगर विकास कोष संगको साँझेदारीमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी आगामि आर्थिक वर्षबाट कार्य प्रारम्भ गरिनेछ ।
- भौतिक पुर्वाधार तर्फ सडक निर्माण गर्दा नगरपालिका यातायात गूरुयोजनामा परेका A, B, र C क्लासका सडकहरुको न्यूनतम अधिकार क्षेत्र ६ मिटर, १० मिटर र १४ मिटर कायम भएको हुँदा, अनिवार्य रुपमा सोहि अनुसार सडक निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- भौतिक पुर्वाधार विकास तर्फ वडाबाट प्राथमिकताको आधारमा छनौट भई आएका योजनाहरुलाई आगामी आर्थिक वर्षहरुमा कार्यन्वयनमा प्राथमिकता दिइने छ भने नगर यातायात गूरुयोजनामा नपरेका सडकहरुलाई बजेट विनियोजन नगर्ने निती अवलम्वन्न गरिनेछ ।
- विगत गाविस तथा नगरपालिका भै सके पश्चात निर्माण भएका अपुरा तथा क्रमागत योजनाहरुमा लागनीको लागि प्राथमिकता दिइनेछ ।
- आगामी आर्थिक वर्ष भित्र थाह नगरपालिकाको नगर यातायात गूरुयोजनामा परेको चक्रपथ क्षेत्रको डिपिआर तयार गरि कार्य प्रारम्भ गरिनेछ ।
- वडास्तरबाट p1 मा प्रथमिकिकरण गरी प्राप्त भएका नगरक्षेत्र पुर्वाधार विकास योजनाहरुलाई आगामी आ.व.मा कार्यान्वयनको प्राथमिकता दिइनेछ ।
- चक्रपथ तथा नगरयातायात गूरुयोजनामा परेका देहायको सडकहरुलाई स्तर उन्नती तथा नमुना सडक वनाउनको लागि पुलको मुख इन्द्राणीचौर, पालुङ फाँटबजार, फेदीगाऊ देउराली सडक, समभन्ज्याङ जकरघारी कुलेखानी सडक, गोलमोडठ फापरबारी सडक, दमान पिङडाँडा सडक, शिखरकोट  किटेनी रुप्से फुर्के सडक, भुडदल फेदीगाँउ सडक, सरस्वती बजार वगर सडक,मनकामता पर्यटकीय सडक ,ढकचा तर देखि फुर्केबसन्त रुप्से सडक,पुलको मुख टाखेल महादेवस्थान बँदेली हुँदै देउराली सडक चक्रपथ खण्ड, बाराही चौर देखि देउराली सडक, दम्कि भोटखोरिया,मर्किनडाँडा गोरखनाथ सडक, मर्किनडाँडा गोरखनाथ कुबाज साविने धारापानी सडक लाई नगर,जिल्ला र केन्द्रमा बजेट विनियोजनको लागि विशेष पहल गर्ने निति लिइनेछ ।
- नगर क्षेत्र भित्रका देहायको इन्द्रायणी चौर सतिघाट पुल,भुसखाँद पुल, तर पुल,झम्केश्वरी पुल, भुडदल ठूलोखोला फुलपातीचौर पक्कि पुल निर्माणको लागि केन्द्र तथा जिल्लामा विशेष पहल गरिनेछ ।

### २. खानेपानी तथा सरसफाई

- भूकम्पपछि नगर क्षेत्रमा देखिएको खानेपानी समस्या समाधान गर्न खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई परीचालन गरी समस्याग्रत स्थानहरुको पहिचान सहित मर्मत संभार कोष र लागत साझेदारीमा खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

- आगामि पाँच वर्ष भित्र खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसंगको साझेदारीमा वृहत्त खानेपानी आयोजना लागू गरी खानेपानी वितरण प्रणालीलाई शुल्कमा आधारित बनाई मीटर जडान प्रक्रिया अघि बढाइनेछ ।
- खानेपानीको मुहान नभएका स्थानहरुमा संभाव्यता अध्ययन गरी भूमीगत पानीको स्रोतबाट स्वच्छ खानेपानी उपलब्ध गराउन यसैवर्षबाट कार्य प्रारम्भ गरिने छ ।
- यस नगरलाई सन् २०१५ मा खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरि सकेकोले आगामी दिनमा पुर्ण सरसफाई नगर घोषणाको लागि आवश्यक रणनीति तयार गरिनेछ । उक्त लक्ष्यलाई मूर्तरुप दिन सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइनेछ । पुर्ण सरसफाई गर्ने वडाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने नीति लिइनेछ ।
- खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सचालन गर्दा नगर खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ । साथै नगर क्षेत्र भित्र रहेका खानीपानीको मुहान लाई प्रयोगमा सवै वडाहरुको पहुँच स्थापित गर्ने निति अवलम्वन गरिनेछ ।
- सरसफाई बानी व्यवहार परिवर्तन गर्न स्थानीय निकायको अगुवाईमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाले हरेक वर्षको जेष्ठ महिनाको **दोस्रो हप्ता** (९ गते देखि १५ गते सम्म) गणतन्त्र दिवस ) लाई सरसफाई सप्ताहको रुपमा घोषणा गरि सफा सहर कार्यक्रम संचालनमा ल्याइनेछ ।
- Zero Waste अवधारणा अनुसार शुन्य फोहर अवस्था निर्माणका लागि फोहोरजन्य पदार्थहरुको श्रोतमा वर्गीकरण सहित संकलनका लागि हरियो, रातो र निलो अभियानलाई अगाडी वढाउन चालु आर्थिक वर्षबाटै केहि वडाहरुमा सुरु गरिनेछ । फोहोर व्यवस्थापनको लागि सार्वजनिक जग्गा उपलब्ध हुन नसकेमा व्यक्तिगत जग्गा लिजमा लिई फोहोर व्यवस्थापन गर्ने निति लिइनेछ । फोहरको मात्रा घटाउने, जैविक तथा अजैविक फोहरजन्य पदार्थको पुन प्रयोग र पुनः प्रशोधन विधि (3R Approach) लाई प्राथमिकता दिइनेछ ।
- नगरपालिकाले निजी क्षेत्रको साझेदारीमा शुल्कमा आधारित फोहर संकलन सेवा संचालन गर्न पहल गरिनेछ ।

## ३. विपत् व्यवस्थापन तथा भु-संरक्षण

- प्रकोपबाट नगरवासीको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ । साथै सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयारी तथा कार्यान्वयको लागि नगरपालिका र साझेदार निकाय संगको सहकार्यमा यसैवर्षबाट शूरु गरिनेछ ।
- विपद व्यवस्थापन नगर समितिलाई आवश्यक तालिमको व्यवस्थापन सहित क्रियाशिल बनाइनेछ ।
- भुकम्प पछिको पुनः निर्माणको लागि निजिघर निर्माणमा सहजीकरणका लागि अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- भुकम्प पछिको पुनः निर्माण कार्यमा निजि आवास निर्माणमा नक्सापास व्यवस्थालाई अनिवार्य गर्दै राष्ट्रिय पुनः निर्माण प्राधिकरणले तय गरेको नमुना अनुसार घर निर्माण गर्नेलाई नगरपालिकाले नक्सा पास प्रक्रियामा लिने दस्तुरमा ५० प्रतिशत र अन्य घर निर्माण गर्नेकोको हकमा आगामी २ वर्षका लागि २५ प्रतिशत छुट दिने निति लिइनेछ ।
- डुबान, कटान तथा भु-क्षय नियन्त्रणको तथा वस्ती बचाउ गर्न जिल्ला तथा केन्द्रम पहल गरिनेछ ।

- २०७२ को विनासकारी भूकम्पपछिको पुर्ननिर्माणलाई सघाउ पुऱ्याउन वडास्तरीय सामुदायिक पुर्ननिर्माण समिति गठन गरी पुर्ननिर्माण कार्यलाई थप तिब्रता दिइनेछ ।

**४.विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना प्रविधि**

- नगरलाई उज्यालो सहर बनाउन बैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गैर सरकारी संघसंस्थाको सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।
- सौर्या उर्जाको ऊर्जाको अवस्था, सम्भावना र अवसरहरुका खोजि गर्न विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु संग समन्वय एवम पहल गरिनेछ ।
- विद्युत लाईन विस्ता नभएका वडाहरुमा विस्तारको लागि पहल गरिनेछ ।
- आगामी दिनमा नक्सा पास गर्दा नयाँ बन्ने घरहरुमा उर्जा प्रवर्द्धनको लागि अनिवार्य रुपमा सोलार प्यानल जडान नितिलाई अवलम्वन गरिनेछ ।
- भुकम्पपछि खानेपानीको मुहान समेत सुक्दै गएको हुँदा, सौर्य उर्जा प्रणाली मार्फत भुमिगत खानेपानीको व्यवस्थापन गर्न पहल गरिनेछ ।
- प्रस्तावित पुर्नसंरचना अनुसार वृहत्त थाहा नगपालिकाको अवधारणा अनुसार लघु जलविद्युत परियोजना संचालनको लागि संभाव्यता अध्ययन सहित कार्य प्रारम्भ गरिनेछ ।
- थाहा नगरलाई फ्रिवाइफाई जोन वनाई पर्यटक आकर्षित गर्ने एवं नगरले प्रभाव गर्ने महत्व पुर्ण सूचना हरु प्रभाव गर्न सूचना प्रविधिको उपयोग गरिनेछ । जसका लागि यसै आर्थिक वर्षबाट केहि वडाहरुमा कार्य प्रारम्भ गर्न श्रोतको खोजि गरिनेछ ।

**५. शिक्षा तथा खेलकुद**

- प्राथमिक उमेर समुहका सम्पुर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालक मार्फत प्रोत्साहित गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ । साथै, हरेक वर्ष विद्यालय भर्ना अभियानका लागि बजेट विनियोजन सहित कार्यक्रम संचालन गरिने छ ।
- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमुलक बनाउन जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स. हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मुल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ ।
- सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समन्वय गरि श्रोतको व्यवस्थापन गरिनेछ ।
- नगरको एकमात्र धरोहरको रुपमा रहेको पालुङ बहुमुखि क्याम्पसलाई दीगो रुपमा संचालनको लागि आवश्यक श्रोतहरुको व्यवस्थापन सहित बाह्य श्रोत परिचालनमा जोड दिइनेछ ।
- देशकै नमुना सामुदायिक विद्यालय बनाउने अभियानको साथ कार्य अघि बढेको बज्रबाराही माविको भौतिक पूर्वाधार विकासका लागि आगामी आर्थिक वर्षमा त्यस क्षेत्रको वडाहरुबाट प्राथमिकिकरण भै आएको नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम अन्तरगतको योजनाहरुबाट कार्यान्वयमा उच्च प्राथमिकता दिइनेछ ।
- नगरमा संचालित अन्य माविहरुको स्तरउन्नती र शैक्षिक प्रणाली सुधारको लागि आवश्यक नीतिगत तथा भौतिक पुर्वाधार विकासमा सहयोग गरिनेछ । साथै, अपुरा भवनहरु निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- विद्यालयहरुको निरन्तर अनुगमनको लागि शिक्षा समिति, राजनैतिक संयन्त्रको परिचालन मार्फत गुणस्तर अभिवृद्धि, नमुना कार्य गर्ने विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रध्यानाध्यापक तथा शिक्षकलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

- आगामी ५ वर्ष भित्र नगरको प्रत्येक विद्यालयलाई आइसिटिको माध्यमबाट पठनपाठन गर्ने निति अवलम्वन गरि यसै वर्षबाट कम्तिमा ३ वटा विद्यालयबाट कार्य प्रारम्भ गर्न बजेटको विनियोजन सहित वाह्य श्रोतको खोजी गरिनेछ ।
- शिक्षा क्षेत्रमा भइरहेको नगरपालिकाको लगानीलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रगत सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरी बिद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि भौतिक पूर्वाधार बिकास तथा अन्य क्षमता बिकाससंग सम्बन्धित क्षेत्रमा सहयोग गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- भूकम्पबाट क्षति भएका विद्यालयहरुको पुर्ननिर्माणको लागि सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- नगरमा खेलकुद विकास कोष खडा गरि खेलकुद विकासमा जोड दिइनेछ । आगामी आर्थिक वर्षबाट थाहा नगरपालिकाको खेलकुद क्यालेन्डर बनाई क्यालेन्डर अनुसार तोकिएको खेल, खेलकुद विकास समितिबाट मात्र संचालन गर्ने व्यवस्था गरिनेछ ।
- थाहा नगरपालिकामा खेलकुद संचालन गर्न विभिन्न खेलकुदको प्रशिक्षक, खेलकुद सामग्री सहितको व्यवस्था गरी नगर क्षेत्र भित्रको इन्द्रायाणी खेल मैदानमा रहेको इन्द्रायाणी जात्रालाई बाधा नपुग्ने(इन्द्रायणी गुठी समिति संग समन्वय ) गरि राष्ट्रिय खेल मैदान तथा बज्रबाराही खेलमैदानलाई क्षेत्रिय खेल मैदान निर्माणको लागि सम्वन्धित सरोकारवालाको समन्वयमा विस्तृत परियोजना प्रतिवेदन तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका क्षेत्र भित्र स्थापना तथा गठन भएका विभिन्न खेलकुदसंग सम्बन्धीत युवा क्लबहरुलाई सूचीकृत गराई नगर खेलकुद विकास समितिले संचालन गर्ने खेलहरुमा समावेश गरी स्थानीय स्तरबाटै दक्ष खेलाडी उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ ।
- दामन सिमभन्ज्याङ क्षेत्रमा *High Altituted Sports Training Center* को संभाव्यता अध्ययन शुरु गरिनेछ ।

## ६. कला, साहित्य, संस्कृति र पर्यटन

- साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि सम्बन्धित सरोकार पक्षहरुसंगको सहकार्यलाई निरन्तरता दिइनेछ । यस क्षेत्रको नेवारी संस्कृति, तामाङ संस्कृति प्रवर्द्धनमा विशेष पहल गरिनेछ । जसका लागि आगामी वर्षबाट जनजाति संग्रालयको व्यवस्थापनको लागि कार्यक्रम तय गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि नगरमा प्रमुख पर्यटकीय स्थलहरुको पुर्वाधार विकासलाई प्राथमिकतामा राखिनेछ ।
- *थाहा नगरको आधार कृषि पर्यटन र पुर्वाधार* भन्ने मुल नारालाई सार्थकता दिन पर्यटन क्षेत्रको विकासको लागि पर्यटन गुरुयोजनाको निर्माण गरि सोहि अनुसार कार्य अघि बढाइनेछ ।
- थाहा नगरपालिकाको प्रमुख पर्यटकिय पहिचानको रुपमा रहेको दामन भ्यूटावरलाई यसै वर्ष नगरपालिकाको स्वामित्वमा ल्याई भ्यू टावरको पुनः निर्माण र आधुनिकिकरणको लागि पुर्ननिर्माण प्राधिकरण समक्ष पहल गरिनेछ ।
- थाहा नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको लगत यसै वर्ष संकलन गरि सो जग्गाहरुमा कानुनि प्रक्रिया पुरा गरि पर्यटन प्रवर्द्धन सम्बन्धि पुर्वाधारहरुको विकास गर्न यसै वर्षबाट बजेट विनियोजन सहित पहल गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको पुर्वाधार विकास गर्नु पुर्व विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी पश्चात मात्र लागानी गर्ने परिपाटीको थालनी गरिनेछ ।
- चालु आर्थिक वर्षबाटै सिमभन्ज्याङ पर्यटन सूचना केन्द्र तथा पिकनिक स्पोर्ट, कोटथुम्की, मनकामना भ्यूटावर, मैत्री वगैचा जस्ता पर्यटकीय क्षेत्रहरुको डिपिआर तयार गरि कार्य प्रारम्भ गर्न पहल गरिनेछ ।

- थाहानगरमा रहेका ठूला होटलहरुको सुची तयार गरि त्यस्ता होटलहरुमा आउने पर्यटकहरुले गरेको खर्चमा २ प्रतिशत पर्यटन विकास शुल्क लागाई त्यसबाट उठेको रकममा शत प्रतिशत थप गरी पर्यटन क्षेत्रको विकासको लागि खर्च गरिनेछ ।
- आगामी वर्षबाट पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने पर्यटन तथा होटल व्यवसायीलाई पुरस्कृत गर्ने परिपाटीको थालनी गरिनेछ ।
- नेपाल सरकारले चालु आ.व.को वार्षिक बजेट निति तथा कार्यक्रममा समेत यस नगरलाई १४ वटा पहिचान सहितको सहरहरु मध्ये पर्यटकीय शहरको रुपमा विकास गर्ने घोषणा गरे अनुसार केन्द्र, जिल्लामा सोहि अनुसार बजेट व्यवस्थापनको लागि विशेष पहल गरिनेछ । साथै, सो घोषणा कार्यन्वयनको लागि नगरपालिकाले समेत आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- मकवापनुरको थाहा नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा सुचिकृत गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि थाहानगरका संभावित क्षेत्रहरुमा प्याराग्लाईडिङ, रक क्ल्याम्बिङ संचालनको लागि संभाव्यता अध्ययन गरिनेछ ।
- पर्यापर्यटन विकास तथा Agro turism विकासको लागि विशेष पहल गरिनेछ ।
- यसै आर्थिक वर्षबाट होमस्टे प्रवद्धन र विस्तारको लागि आवश्यक बजेटको व्यवस्था सहित कार्य अगाडी वढाइनेछ ।
- नगर क्षेत्रको ऐतिहाँसिक तथा पूरातात्विक मन्दिर, गुफा, ढुङ्गेधारा, शिलालेख, कोत दरबार तथा भग्नावशेष संरक्षण र उत्खनन्को लागि यसैवर्षबाट पुरातत्व विभागसंगको समन्वयमा आवश्यक पहल गरिनेछ ।
- विश्वकै तीन शंखमुल मध्ये एक मानिने पालुङ शंखमूल क्षेत्रमा १०८ शंखधारा निर्माणको लागि यसै आर्थिक वर्षबाट सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- दामन शिखरकोटमा रहेको विकास घरको ऐतिहासिकतालाई महत्व दिंदै यसको संरक्षण र संवर्द्धनमा विशेषा पहल गरिनेछ ।
- थाहा नगरको सौन्दर्यको रुपमा रहेको लाली गुराँस र यसका प्रजातीहरुको संरक्षणका लागि आवश्यक बजेट सहित बाह्य स्रोत परिचालनमा आवश्यक पहल गरिनेछ ।
- दामन सिमभञ्ज्याङ क्षेत्रमा रहेका सार्वजनिक भवनहरुको उपयोग गरि विभिन्न गोष्ठि तथा सेमिनार हलको रुपमा प्रयोग गर्ने गरि आन्तरिक आयको वृद्धि गर्न पहल गरिनेछ ।

**७.स्वास्थ्य**

- पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा चौबिसै घण्टा स्वास्थ्य सेवा सञ्चालन भएकोमा जिल्ला स्वास्थ्य कार्यालयलाई आवश्यक साधान स्रोतको अनुरोध गरिनेछ ।
- नगरको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- आयुर्वेद चिकित्सा प्रणलीको विकासको लागि सहयोग पुऱ्याईनेछ ।
- नगरपालिका क्षेत्र भित्र स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार अन्य क्षेत्रहरुमा समेत शहरी स्वास्थ्य क्लिनिक वा योगा केन्द्र संचालनका लागि आवश्यक पहल गरिनेछ । दामन शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि नगरले आवश्यक बजेट विनियोजन सहित अन्य निकायसंग पनि श्रोत जुटाउन पहल गरिनेछ ।

- प्राथमिक स्वास्थ्य केन्द्र पालुङलाई यसै आर्थिक वर्ष भित्र १५ शैयाको अस्पतालमा स्तर वृद्धिको लागि गैर सरकारी संस्था र नगरको साझेदारीमा भौतिक सुविधा सम्पन्न बनाउको लागि आवश्यक बजेट सहित कार्य प्रारम्भ गरिनेछ ।
- थाहानगर भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण व्यवस्थापनको लागि सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।
- थाहानगरमा हस्पिीस निर्माणको पाटन स्वाथ्य विज्ञान प्रतिष्ठानसंग आवश्यक पहल गरिनेछ ।

## ८ . वन, वातावरण तथा जलवायु परिवर्तन

- थाहा नगरको सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- वृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ ।
- जलवायु परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्युनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स.तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरि स्थानीय जलवायु परिवर्तन अनुकूल कार्ययोजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।
- वातावरण मैत्री विकास पुर्वाधार निर्माणमा जोड दिइनेछ । हरीत शहरको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रबर्द्धनमा जोड दिइनेछ ।
- नगर क्षेत्रभित्र पशु चौपाया नियन्त्रणका लागि काञ्जी हाउस संचालनका लागि आवश्यक पहल गरिनेछ ।
- आगामी आर्थिक वर्षदेखि सामुदायिक वन साझेदारी कार्यक्रम तय गरि कार्यान्वयनमा ल्याइनेछ ।
- विद्युत रोयल्टीबाट प्राप्त हुने रकमलाई आगामी आर्थिक वर्षबाट यस क्षेत्रको जलाधार क्षेत्र संरक्षण, वृक्षारोपण र हरियाली कायम गर्ने कार्यमा खर्च गर्ने गरि छुट्टै विनियमावली बनाई लागू गरिनेछ ।
- विकास पुर्वाधार कार्यक्रम संचालन गर्दा रुख विरुवा काटनुपर्ने भएमा १ रुख बराबर २ विरुवा थप रोप्ने गरी कार्यक्रम संचालन गर्ने निति अवलम्वन गरिनेछ ।
- घर नक्सा पास गर्दा तथा घर निर्माण सम्पन्न प्रमााण पत्र लिनुपुर्व घरधनीले आफ्नो घरको अगाडी १ वटा विरुवा अनिवार्य रुपमा रोप्नु पर्ने अन्यथा नक्सा पास नहुने नीतिलाई आगामी आ.व.बाट अनिवार्य लागू गरिनेछ ।
- थाहानगरलाई कुलेखानी जलाधार संरक्षण क्षेत्र घोषणाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## ९. कृषि तथा पशु

- उन्नत खालका पशुपालनमा प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ ।
- कृषि पकेट क्षेत्रलाई आधार लिई एकीकृत रुपमा सुविधा विस्तार गरि नगरको उत्पादन र उत्पादकत्व वृद्धि गर्न जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यक्रम सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- स्वच्छ तथा स्वस्थ्य माछामासु तथा तरकरी तथा फलफूलको सुलभ व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायहरु एवं सम्बन्धित क्षेत्रका व्यवसायीहरुसंगको सहकार्यमा उपयुक्त स्थानमा पशुवधशाला तथा तरकारी तथा फलफुलको थोक बिक्री केन्द्र (Wholesale Market) हरु स्थापनाका लागि नेपाल सरकार कृषि विकास कार्यालय र पशु विकास कार्यालय मार्फत कार्यक्रम अगाडी बढाउन पहल गरिनेछ ।
- एक वडा एक उत्पादनको नीति अवलम्वन गरी कृषिलाई विशेष प्रोत्साहन गरिनेछ ।
- सरकारी तथा गैर सरकारी कार्यालयहरुको सहकार्यमा निम्न बमोजिमको कार्यहरु संचालन गर्न विशेष पहल गरिनेछ ।

- आर्गनिक कृषि तालिम, प्लास्टिक पोखरी निर्माण, जैविक खेति विकास र कृषक पाठशाला नमुना तयारी,

- एक वडा एक प्राविधिक तथा प्राङ्गारिक टोल विकास गर्न विशेष पहल गरिनेछ ।
- बाली बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न चेतना मुलक कार्यक्रमका साथै सम्बन्धित निकायसंग समन्वय गरिनेछ ।
- प्लास्टिक टनेलमा बेमौसमी तरकारी खेति विस्तारको लागि जिल्ला कृषि विकास कार्यलयसंग सहकार्य गर्ने निति अवलम्वन गरिनेछ ।
- एक नगर एक उत्पादन अन्तगरत आलु बालीलाई यस नगरको मुख्य उत्पादनको रुपमा रहने निर्णय अनुसार यस क्षेत्रलाई गुणस्तरिय विउ आलुको स्रोत केन्द्रको विकासको लागि विशेष पहल गरिनेछ ।
- प्रधामन्त्री कृषि यान्त्रिकरण कार्यक्रम नगरक्षेत्रमा कार्यान्वयनका लागि यसै वर्षबाट विशेष पहल गरिनेछ ।
- नगर क्षेत्रमा पहिलो पटक जनकल्याण माविबाट कृषि तथा बाली विज्ञान विषयको पठन पाठन शुरु भएको हुँदा,सो पठनपाठनलाई व्यवस्थित र श्रोत साधन युक्त बनाउन विशेष पहल गरिनेछ ।
- यसै वर्षबाट वैज्ञानिक भु–उपायेग नीति लागू गर्दै खेति योग्य जमिनमा घर निर्माण कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।
- यस क्षेत्रको माटो विग्रन नदिनको लागि यसै आर्थिक वर्षबाट लागत सहभागीतामा कार्य संचालन गर्ने गरि माटो परीक्षण प्रयोगशाला स्थापनाको लागि अन्य निकायको खोजी गरिनेछ ।
- थाहानगरमा कृषि अनुसन्धान केन्द्र स्थापना गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- थाहा नगरपालिकामा रहेको कृषि र पशु सेवा केन्द्रलाई स्रोत साधन, भौतिक पूर्वाधार र प्रयाप्त जनशक्ती व्यवस्थापनमा विशेष पहल गरिनेछ ।
- थाहा नगरपालिकामा कोल्ड स्टोर निर्माणको लागि सम्भाव्यता अध्ययान सहित विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि आवश्यक पहल गरिनेछ ।

**१०. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशिलता विकास**

- विपन्न लक्षित समूहका लागि आयमुलक तथा सीपमूलक कार्यक्रम सहकारी संस्था एवं गै.स.स. समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ ।
- सहकारीताको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरण एवंम् सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ ।

**११. व्यवस्थित वस्ती विकास**

- समुदायको अग्रसरतामा वस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समुदायको अग्रसरतामा व्यवस्थित वस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।
- नगरपालिकाले आफ्नो नगरको समग्र विकासको *coperhensive town development plan* निर्माणको लागि यसै वर्षबाट आवश्यक पहल गरिनेछ ।
- शहरी आधारभूत पूर्वाधार संरचना निर्माणमा वडास्तरका आधारभूत सुविधा सुधार तथा बिस्तारका लागि बिशेष प्राथमिकता दिइनेछ । ठूला आयोजनाहरुको हकमा वडाहरुमा समानुपातिक हिसावमा प्राथमिकतामा राखिनेछ ।
- सुरक्षित आवास सहितको व्यवस्थित शहरीकरणका लागि भवन तथा योजना मापदण्ड अनुसार सबै घरहरु निर्माणमा नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।
- आगामी २ वर्ष भित्रमा व्यवस्थित बसोबासको लागि *land Puling* कार्यक्रम संचालन गरिनेछ ।

- थाहा नगरपालिकाको सिमाना भित्र पर्ने सिमभञ्ज्यांक क्षेत्रको सिमथलीको सार्वजनिक ऐलानी जग्गा अतिक्रमणलाई रोकि सो वस्तिलाई सम्बन्धित गाविसमा सार्न पहल गरिनेछ ।

## १२.आर्थिक प्रशासन तथा राजस्व परिचालन

- करको दर भन्दा दायरा वृद्धि गर्ने नेपाल सरकारको घोषित नीति अनुसार नगरपालिकाको राजश्वका थप क्षेत्रहरुको पहिचान गर्दै संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण गरी उपलब्ध श्रोतहरुको अधिकतम परिचालन गर्ने, करदाता परिचयपत्र जारी गर्ने, वक्यौता कर तथा शुल्क संकलन र करको दायरामा नआएकाहरुकाका लागि बिशेष अभियानहरु संचालन गरिनेछ ।
- आगामी आर्थिक वर्षदेखि एकीकृत सम्पत्तीकरलाई यथार्थ एवं वस्तुपरक बनाउन सबै पुर्वाधारको तयारी गरिनेछ ।
- व्यवसाय करको हालको संकलन अवस्थामा सुधार गर्न नगरक्षेत्रमा संचालनमा रहेका व्यवसायहरुको तथ्यांक संकलन गरी अनलाईन प्रणाली मार्फत व्यवशाय कर संकलन गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको संरचनाहरुको भाडा तथा बहाल व्यवस्थापनका विशेष पहल गरिनेछ । साथै खाली तथा ऐलानी जग्गाहरुको लगत संकलन गरि राजस्व परिचालनमा प्रयोग गरिनेछ ।
- नगरपालिकाको हालको लेखा प्रणालीमा परिमार्जन गरी प्रोदभावी लेखा प्रणाली *(Accrual Accounting System)* सम्बन्धी आधारभूत प्रावधानहरु चरणगत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

## १३. सामुदायिक विकास तर्फ

- समुदाय परिचालन तथा विकासका लागि नगरपालिका क्षेत्र भित्र गठित वडा नागरिक मञ्च, महिला स्वयंसेविकाको संस्थागत विकास एवं सशक्तिकरण गर्दै, चालु आ.व. बाट टोल विकास संस्था, टोल सुधार समिति, वातावरण सुधार समन्वय समिति, आमा समुह, बाल संरक्षण समिति, बाल क्लब, किशोरी समुह, जेष्ठ नागरिक, अपांग, दलित समन्वय समिति जस्ता संजालहरुको गठन एवं क्रियाशील गराउदै त्यस्ता संजालहरुको संस्थागत विकास एवं सशक्तिकरण गर्ने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र कार्यान्वयन रणनीति २०६८ अनुरुप यस नगरपालिकालाई बालमैत्री नगर निर्माण गर्नका लागि क्रमशः नमुना वडाको अवधारण विकास गरी सरोकारवाला संघसंस्थाहरुसंगको सहकार्यमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- नगरक्षेत्रमा क्रियाशील गैससहरुले नगरक्षेत्रमा कुनै पनि परियोजना तथा कार्यक्रमहरु संचालन गर्दा नेपाल सरकारको घोषित नीति अनुसार नगरपालिकाको अनुमति लिइ मात्र संचालन गर्न पाउने व्यवस्थालाई कडाई गरिनेछ भने, अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट आयोजना तथा कार्यक्रम संचालन गर्दा समान प्रकृतिका काम गर्ने सरोकारवालाहरु वीच संयुक्त कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगरमा गठित विभिन्न समितिहरुको क्षमता विकास गरि योजना छनौट,कार्यान्वयन तथा अनुगमनमा परिचालन गरिनेछ ।
- थाहा नगरपालिका अन्तर्गतका वडाहरुमा सेवारत् महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आएको यातायात तथा खाजा खर्च वापतको रकममा ५०० यथावत कायम गर्ने र बजेटको परीधि हेरी आगामी आर्थिक वर्षमा वृद्धि गर्दै जाने निति अवलम्वन गरिने छ । भेन महिला लक्षित कार्यक्रम अन्तरगर्त आगामी आर्थिक वर्षबाट महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कोष खडा गरिनेछ ।

## १४. समाबेशी विकास तर्फ :

- महिला, एकल महिला, बाल बालिका, दलित, जनजाती, अपांग असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वर्ग र अति गरीव तथा सिमान्तकृत समुदायको विकासमा श्रोत साधनलाई यथोचित विनियोजन गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेदको नीतिलाई अवलम्वन गरिनेछ ।
- नगर महिला संजाल, नगर दलित संजाल, आदिवासी जनजाती नगर संजाल, नगर बाल संजाल, अपांग समन्वय समिति जस्ता नगर स्तरीय समन्वय समिति तथा सञ्जालहरुको गठन तथा क्षमता विकास एवं सशक्तिकरण गरी लक्षित वर्गको विकासमा ती समितिहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरमा रहेका जेष्ठ नागरिक भत्ता पाइरहेका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारले उपलब्ध गराउने भत्तामा स्थानीय निकायको तर्फबाट आगामि आर्थिक वर्षबाट प्रोत्साहन स्वरुप थप रु.२००।- जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने नीति लिइनेछ ।

**१५. सुशासन प्रवर्द्धन एवं संगठन विकास नीतिः**

- नेपाल सरकारबाट जारी गरिएको नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) निर्देशिकालाई सबै शाखा, उपशाखा, तथा इकाईहरुको कार्य सम्पादनको आधार बनाईनेछ ।
- नगरपालिका अन्तर्गत रहेको विपद व्यवस्थापन कोष, महिला तथा बालबालिका विकास कोष, गरिवी न्युनिकरण सामाजिक परिचालन कोष, वातावरण संरक्षण विशेष कोष र लागत सहभागिता कोषहरुलाई कार्यविधि बनाई परिचालन गरिनेछ ।
- शहरी सुशासन तथा पारदर्शिताका लागि नगरपालिकाले गर्दै आएको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई थप प्रभावकारी एवं नियमित बनाइनेछ ।
- नगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारीता तथा गुणस्तर कायम गर्न आयोजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई सरोकारवालाहरु समेतको सहभागिता रहने गरी परिचालन गरिनेछ ।
- चालु आर्थिक वर्षबाटै नगरमा संचालित योजना तथा अयोजनाहरुको सामाजिक परिक्षण कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- बज्रबारही क्षेत्रको सुरक्षा दृष्टिलाई ध्यानमा राखि त्यस क्षेत्रमा प्रहरी चौकि स्थापनाको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

*आदरणीय महानुभावहरु अव म उपरोक्त नीति, कार्यक्रम कार्यान्वयनका लागि चालु आ.व. २०७३।०७४ को संशोधित आय ब्यय अनुमान र आगामी आ.व.२०७४।०७५ को अनुमानिति आय व्यय संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।*

गत २०७२ पौष २७ गते सम्पन्न तेस्रो नगरपरिषदबाट चालु आ.व. २०७३।०७४ का लागि आन्तरिक आय तर्फ रु ७९ लाख ८६ हजार र बाह्य आय तर्फ रु ६ करोड ७४ लाख ५१ हजार ४ सय रुपैया सहित जम्मा रु. ७ करोड ५४ लाख ३७ हजार ४ सय रुपैयाको आय अनुमान स्विकृत गरिएकामा यस आ.व.मा आन्तरिक आयतर्फ १ करोड २ लाख २५ हजार ७ सय, नगरपालिका कोष २५ लाख २८ हजार ९ सय ८९ रुपियाँ ४१ पैसा, राजश्व बाँडफाँडमा २२ लाख ४४ हजार ५ सय र बाह्य आम्दानी १० करोड २१ लाख ७ हजार ५ सय २३

रुपियाँ सहित जम्मा ११ करोड ७१ लाख ६ हजार ७ सय १२ रुपियाँ ४१ पैसाको संशोधित आय अनुमान प्रस्ताव गरेको छु ।

यसै गरी नगरपालिकाको सेवा संचालन, सेवा एवं कार्यालय व्यवस्थापनकालागि उपभोग र कार्यक्रम खर्च तर्फ गत वर्षको प्रस्तावित २ करोड ३३ लाख ७५ हजारलाई संशोधन गरी ३ करोड ८० लाख ४८ हजार ४ सय ६० रुपियाँ चालु तर्फको व्यय अनुमान प्रस्ताव गरेको छु । त्यस्तै गरि पुँजिगत तर्फ गत वर्षको २ करोड ४५ लाखलाई संशोधन गरि ७ करोड ९१ लाख ५८ हजार २ सय ५२ रुपियाँ ४१ पैसा प्रस्ताव गरको छु । यसरी चालु आ.व.को कुल संशोधिन व्यय तर्फ ११ करोड ७२ लाख ६ हजार ७ सय १२ रुपियाँ ४१ पैसा प्रस्ताव गरेको छु ।

आदरणीय महानुभावहरु आगामी आ.व. २०७४।०७५ को आन्तरिक आय अनुमान गर्दा नगरपालिका क्षेत्रको श्रोत साधनको परिचालनको अवस्था र बाह्य आय अनुमान गर्दा नगरपालिकाको हैसियतमा नेपाल सरकारबाट प्राप्त हुने चालु तथा पूँजिगत अनुदान समेतको विश्लेषणलाई आधार मानी आय व्यय अनुमान प्रस्ताव गरिएको छ । जस अनुसार आन्तरिक आय तर्फ रु. १ करोड १२ लाख ६१ हजार ४ सय ७० रुपियाँ, नगरपालिका कोष १० लाख, राजश्व बाँडफाँड २७ लाख र बाह्य आय तर्फ रु. ११ करोड ६९ हजार ५ सय ३० रुपैंया गरी कूल रु. १२ करोड ५० लाख ३१ हजार रुपियाँको आय अनुमान प्रस्ताव गरेको छु । यसै गरी व्यय तर्फ चालु खर्चको उपभोग र कार्यक्रम तर्फ रु ४ करोड ६६ लाख ५ हजार रुपियाँ र पूँजीगत खर्च तर्फ रु ८ करोड ४३ लाख ६६ हजार रुपियाँ गरि कुल व्यय तर्फ १२ करोड ५० लाख ३१ हजार रुपैंया प्रस्ताव गरको छु ।

आगामी बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको आवधिक योजना, शहरी विकास नीति, सरकारको तर्फबाट समय समयमा जारी नीतिगत मार्गनिर्देशन, जिल्ला आवधिक योजना तथा नगरको दिर्घकालिन लक्ष्य प्राप्तीका लागि नेपाल सरकारले कार्यान्वयनमा ल्याएको स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ तथा नगरपालिकाले सन्तुलित बिकासका लागि अगाडी सारिएको नीतिलाई आधार बनाई आन्तरिक तथा बाह्य श्रोत साधनको बिनियोजन र प्राथमिकता निर्धारण गर्ने कार्यलाई यथावत रुपमा निरन्तरता दिने प्रस्ताव गरिएको छ ।
स्थानिय निकाय निशर्त पुँजिगत अनुदान तर्फको बजेटको बाँडफाँडलाई आगामी आ.व.को लागि प्रस्तावित ३ करोड ६५ लाख १४ हजार मध्ये रु १ करोड १० लाख समपुरक कोष, रु. ६० लाख वडागत भौतिक पूर्वाधार विकास, ठुला पूर्वाधार विकास तर्फ रु १ करोड, प्रवर्द्धन तर्फ ३७ लाख, आकस्मिक पूँजीगत खर्च रु.१५ लाख, महिला लक्षित कार्यक्रमको लागि रु १५ लाख, बालबालिका लक्षित कार्यक्रमको लागि रु. १५ लाख र अन्य लक्षित कार्यक्रमको लागि रु २२ लाख ५० हजार बजेट विनियोजन गर्ने प्रस्ताव गरिएको छ । जसबाट भौतिक पूर्वाधार, सामाजिक तथा प्रवर्द्धन क्षेत्रमा सकारात्मक प्रभाव पुग्ने अपेक्षा गरिएको छ ।

आदरणीय महानुभावहरु अन्त्यमा, आजको यस गरिमामय कार्यक्रममा नगरपालिकाको तर्फबाट प्रस्तुत गरिएको नीति, कार्यक्रम तथा बिनियोजित श्रोतबाट यस नगरको दिर्घकालिन लक्ष्य थाहा नगरपालिकाको आधारभूत तथा रणनीतिक भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने बिश्वास लिएको छु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं निजी संघसंस्था, पेशागतग संघ संगठन, संचारकर्मी, विकास साझेदार निकायहरु, सहकर्मी कर्मचारी मित्र सबैबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य राय सल्लाह सुझाव उपलब्ध गराई सहयोग पु–याउनुहुने राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं संघसंस्था, पेशागतग संघ संगठन, संचारकर्मी, कर्मचारी लगायत सम्पूर्ण महानुभावहरु तथा निकायहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । धन्यबाद । *मिति : २०७३ पौष २६ गते मंगलबार*